## विद्यार्थीको भर्नादर विश्लेषण ( Enrolment Trend Analysis)

| कार्यक्रम | शैक्षिक वर्ष २०७४/०७५ | | | शैक्षिक वर्ष २०७५/०७६ | | | शैक्षिक वर्ष २०७६/०७७ | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | जम्मा | छात्रा | EDJ | जम्मा | छात्रा | EDJ | जम्मा | छात्रा | EDJ |
| **वि.वि.एस (क)** | | | | | | | | | |
| प्रथम | 150 | 92 | 15 | 160 | 95 | 25 | 130 | 78 | 24 |
| द्बितिय | 148 | 87 | 6 | 129 | 75 | 23 | 120 | 62 | 14 |
| तृतिय | 86 | 52 | 3 | 124 | 77 | 12 | 101 | 59 | 19 |
| चर्तुथ | 70 | 40 | 2 | 81 | 54 | 7 | 99 | 57 | 10 |
| जम्मा **(क)** | **454** | **271** | **26** | **494** | **296** | **67** | **450** | **256** | **67** |
| **वि.एड. (ख)** | | | | | | | | | |
| प्रथम | 48 | 42 | 12 | 65 | 50 | 12 | 95 | 80 | 11 |
| द्बितिय | 72 | 64 | 6 | 45 | 37 | 9 | 58 | 45 | 9 |
| तृतिय | 38 | 35 | 1 | 59 | 52 | 4 | 37 | 30 | 9 |
| चर्तुथ | | | | 35 | 32 | 3 | 48 | 42 | 4 |
| **जम्मा (ख)** | **158** | **141** | **19** | **204** | **171** | **28** | **238** | **197** | **33** |
| **कुल जम्मा** (क+ख) | **612** | **412** | **45** | **698** | **467** | **95** | **688** | **453** | **100** |

माथिको तथ्याङ्क विश्लेषण गर्दा व्यवस्थापन संकाय तर्फ प्राय: हरेक शैक्षिक वर्षमा विद्यार्थी भर्नादर लगभग स्थिर देखिन्छ तर शैक्षिक वर्ष ०७५/०७६ को तुलनामा शैक्षिक वर्ष ०७६/०७७ मा भने प्रथम वर्ष तर्फ भर्ना संख्या दरमा केही कमि भएको देखिन्छ । शिक्षाशास्त्र संकायतर्फ शैक्षिक वर्ष ०७४/०७५ को तुलनामा शैक्षिक वर्ष ०७५/०७६ मा भर्नादरमा वृद्धि देखिए तापनि शैक्षिक वर्ष २०७६/०७७ मा विद्यार्थी भर्नादरमा उल्लेखिय बृद्धि आएको देखिन्छ ।

शिक्षाशास्त्र संकायमा पुरुष विद्यार्थीको तुलनामा महिला विद्यार्थीहरुको संख्या अत्याधिक मात्रामा उच्च रहेको देखिन्छ भने व्यवस्थापन संकायमा पनि पुरुष विद्यार्थीको तुलनामा महिला विद्यार्थीहरुको संख्या नै उच्च रहेको देखिन्छ । त्यसैगरी कुल विद्यार्थी संख्याको आधारमा विश्लेषण गर्दा हरेक शैक्षिक वर्षहरुमा EDJ विद्यार्थीहरुको संख्या व्यवस्थापन संकाय भन्दा शिक्षाशास्त्र तर्फ अलि बढी पाइन्छ ।

## ख. विद्यार्थी उत्तीर्ण दर प्रतिशत प्रवृति विश्लेषण (Pass Rate Trend Analysis)

| कार्यक्रम | शैक्षिक वर्ष २०७४/०७५ | | | | | शैक्षिक वर्ष २०७५/०७६ | | | | | शैक्षिक वर्ष २०७६/०७७ | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | जम्मा परीक्षार्थी | उत्तीण संख्या | उत्तीण प्रतिशत | छात्रा | E DJ | जम्मा परीक्षार्थी | उत्तीण संख्या | उत्तीण प्रतिशत | छात्रा | E DJ | जम्मा परीक्षार्थी | उत्तीण संख्या | उत्तीण प्रतिशत | छात्रा | E DJ |
| **वि.वि.एस क** | | | | | | | | | | | | | | | |
| प्रथम | 107 | 24 | 22.43 | 16 | 6 | 148 | 23 | 15.54 | 16 | | 112 | 26 | 23.21 | 8 | 5 |
| द्वितिय | 86 | 21 | 24.41 | 9 | 4 | 83 | 46 | 55.42 | 31 | 1 | 111 | 32 | 28.83 | 20 | 3 |
| तृतिय | 70 | 22 | 31.42 | 10 | 5 | 81 | 26 | 32.10 | 14 | 2 | 75 | 26 | 34.67 | 15 | 2 |
| चर्तुथ | 65 | 35 | 53.85 | 14 | 3 | 64 | 27 | 42.18 | 13 | 3 | 78 | 47 | 60.26 | 29 | 2 |
| जम्मा क | 325 | 102 | 31.38 | 49 | 18 | 376 | 122 | 32.45 | 74 | 6 | 376 | 131 | 34.84 | 72 | 12 |
| **वि.एड.** | | | | | | | | | | | | | | | |
| प्रथम | 43 | 7 | 16.28 | 6 | 1 | 72 | 15 | 20.83 | 14 | 1 | 68 | 15 | 22.06 | 12 | 3 |
| द्वितिय | 53 | 21 | 39.62 | 14 | 6 | 38 | 6 | 15.79 | 6 | | 52 | 8 | 15.38 | 7 | |
| तृतिय | 47 | 21 | 44.68 | 14 | 7 | 34 | 5 | 14.70 | 5 | | 28 | 5 | 17.86 | 5 | |
| | | | | | | | | | | | 30 | 21 | 70 | 18 | 1 |
| **जम्मा ख** | 143 | 49 | 34.26 | 34 | 14 | 144 | 26 | 18.05 | 25 | 1 | 178 | 49 | 27.53 | 42 | 4 |
| **जम्मा क+ ख** | 468 | 151 | 32.26 | 83 | 32 | 520 | 148 | 28.46 | 99 | 7 | 554 | 180 | 32.49 | 114 | 16 |

माथिको तथ्याङ्क विश्लेषण गर्दा व्यवस्थापन र शिक्षाशास्त्र दुवै संकायहरुमा प्रथम भन्दा द्वितीय तथा द्वितीय भन्दा तृतीय र तृतीय भन्दा चौथो वर्षहरुमा प्रायः उत्तीर्ण प्रतिशत उच्च रहेको देखिन्छ । त्यसै गरी फरक शैक्षिक वर्षहरुमा उत्तीर्ण प्रतिशतमा समेत केही असमानता देखिन्छ। अघिल्ला भन्दा पछिल्ला शैक्षिक वर्षमा उत्तीर्ण प्रतिशतमा सामान्यतया वृद्धि रहेको पाइन्छ। समग्रमा यस क्याम्पसको विद्यार्थीहरुको उत्तीर्णदर सन्तोषजनक रहेको देखिन्छ।

उत्तीर्ण मध्ये छात्र विद्यार्थीहरुको उत्तीर्णदर सन्तोषजनक रहेको देखिन्छ। विद्यार्थी भर्ना दरमा महिला विद्यार्थीहरुको संख्या पुरुष विद्यार्थीहरुको तुलनामा उच्च रहेकाले यसको प्रभाव उत्तीर्ण प्रतिशतमा पनि परेको देखिन्छ। त्यसैगरी EDJ विद्यार्थीहरुको उत्तीर्ण प्रतिशत समेत ठीकै देखिन्छ।

## ग. स्नातक उत्तीर्ण प्रवृति विश्लेषण (Graduate Trend Analysis)

सन् २०१५ देखि सन् २०१७ सम्म जम्मा ३ वर्षको स्नातक तह उत्तीर्ण विद्यार्थीहरुको संख्या यस प्रकार रहेको छ।

| वर्ष | संकाय | Total Graduate | महिला | EDJ |
|---|---|---|---|---|
| २०१६ | शिक्षाशास्त्र | 25 | 20 | 3 |
| २०१६ | व्यवस्थापन | 15 | 6 | - |
| २०१७ | शिक्षाशास्त्र | 13 | 10 | 3 |
| २०१७ | व्यवस्थापन | 32 | 15 | 4 |
| २०१८ | शिक्षाशास्त्र | 1 | 1 | - |
| २०१८ | व्यवस्थापन | 21 | 11 | 1 |

माथिको तथ्याङ्कको आधारमा स्नातक उपाधि प्राप्त विद्यार्थीहरुको संख्या विश्लेषण गर्दा सन् २०१६ मा शिक्षाशास्त्र संकायमा भन्दा व्यवस्थापन संकायमा स्नातक उपाधि प्राप्त विद्यार्थीको संख्या कम रहेको तर २०१७ मा शैक्षिक वर्षमा शिक्षाशास्त्र संकायमा भन्दा व्यवस्थापन संकायमा स्नातक उपाधि प्राप्त विद्यार्थीको संख्या बढी रहेको देखिन्छ। त्यस्तै २०१८ मा व्यवस्थापन संकायमा स्नातक उपाधि प्राप्त गर्ने विद्यार्थीको संख्यामा थोरै कमी भएको भए पनि शिक्षा शास्त्र संकायमा भने उल्लेखनिय कमी आएको देखिन्छ यसो हुनुको प्रमुख कारण बि.एड. कार्यक्रम चार वर्षे भएको र सन् २०१८ को अन्त्य सम्म चार वर्षे कार्यक्रमको अन्तिम चौथो वर्ष पुरा नभइ तेस्रो वर्षमा मात्र चलिरहेकोले शिक्षाशास्त्र संकायमा स्नातक उपाधि प्राप्त गर्नेको संख्या कमि आएको देखिन्छ। त्यसैगरी शैक्षिक वर्ष शैक्षिक वर्ष २०१६, २०१७ तथा २०१८ मा स्नातक उपाधि प्राप्त गर्ने EDJ विद्यार्थीहरुको संख्या शिक्षाशाष्त्र र व्यवस्थापन दुवै संकायमा उस्तै प्रायः छ।